# आर्थिक अधिकारपत्रको बारेमा...मैले के जान्नु पर्छ

**३/१५/२०१४ मा अन्तिम पटक संशोधन गरिएको।**

## आर्थिक अधिकारपत्र भनेको के हो?

आर्थिक अधिकारपत्र (POA) भनेको व्यक्तिले ("प्रमुख") व्यक्तिगत, आर्थिक र व्यवसायिक विषयहरूमा आफ्नो खातिर काम गरिदिनको निम्ति कसैलाई ("एजेन्ट") नियुक्ति गर्न प्रयोग गर्न सक्ने कानूनी कागजात हो। सामान्यतया, जब व्यक्ति आफ्नो समस्याहरूलाई सम्हाल्न नसक्ने अवस्थामा हुन्छ त्यसबेला अधिकारपत्र (POA) प्रयोग गरिन्छ। प्रमुख व्यक्तिले एक जना एजेन्ट, वा दुई वा त्यसभन्दा बढी सहायक एजेन्टहरू नियुक्त गर्न सक्छ, र तिनीहरूलाई अधिकारपत्र (POA) ले निश्चित रूपमा बहुमध वा अन्य कुनै ढङ्गबाट सँगै कार्यवाही गर्न नभनेसम्म तिनीहरूले व्यक्तिगत रूपमै कार्यवाही गर्न सक्छन्। यदि प्रमुख व्यक्तिले एक जना मात्र एजेन्टको नाम दिन्छ भने, कम्तीमा पनि एक जना अनुगामी एजेन्टको नाम दिनु बुद्धिमानी हुन्छ।

जब व्यक्ति मानसिक रूपमा असक्षम हुन्छ र अधिकारपत्र (POA) मा हस्ताक्षर गरेको हुँदैन, त्यस व्यक्तिको निम्ति प्रोवेट अदालतले संरक्षक नियुक्त गर्न सक्छ। सामान्य अधिकारपत्र (POA) कागजातमा अदालतद्वारा रेखदेख गरिएको संरक्षकत्व सुरक्षाको कमी भए तापनि अदालतद्वारा नियुक्त संरक्षकको सट्टा अधिकारपत्र (POA) प्रयोग गर्नु नै धेरै प्रभावकारी र खर्चको हिसाबले सहुलियत हुन्छ। यदि सहायक एजेन्टहरू छैनन् भने, प्रमुख व्यक्तिले क्षमता गुमाइसकेपछि कसैले पनि एजेन्टको काममा हस्तक्षेप वा रेखदेख गर्दैन। होशियारीताका साथ एजेन्ट छनौट गर्नु, र एजेन्टले प्रयोग गर्न आवश्यक पर्ने शक्ति मात्र प्रदान गरिनु अत्यन्तै महत्त्वपूर्ण हुन्छ।

## ओहिओ अधिकारपत्र (POA) कानून कसरी परिवर्तन भएको छ?

आर्थिक समान अधिकारपत्र कानून (UPOAA) को ओहिओ संस्करण, मार्च २२, २०१२ मा लागू भई अधिकारपत्र (POA) लाई रेखदेख गर्ने कानून परिवर्तन भएको छ। समान अधिकारपत्र कानून (UPOAA) को मुख्य ध्यान भनेको आर्थिक दुरुपयो हुनु नदिनु, र, जब यस्तो हुन्छ, यसलाई उजागर गर्नु र यसको निम्ति क्षतिपूर्ति प्रदान गर्नु हो। कानूनमा अब एजेन्टहरूलाई आफ्नो शक्तिको दुरुपयोग गर्नबाट रोक्न तयार गरिएको वैधानिक फारम समावेश हुन्छ। फारममा एजेन्टले गर्न नसक्ने कार्यहरूको सूची हुन्छ र एजेन्टको कर्तब्य र जिम्मेवारीहरूको बारेमा सामान्य अंग्रजीमा वर्णन गरिएको "एजेन्टको लागि महत्त्वपूर्ण जानकारी" भन्ने भाग समावेश गर्दछ।

धेरै जसो अधिकारपत्र (POA) एजेन्टहरू इमान्दार भए तापनि, केहीले तिनीहरूको शक्ति दुरुपयोग गरेका छन्, विशेषगरि त्यस्तो अवस्थामा जसमा प्रमुख व्यक्ति बृद्ध हुन्छ र मानशिक समस्याबाट पिडित हुन्छ। आर्थिक संघ-संस्थाहरूले अधिकारपत्र (POA) लाई मान्नु बाध्य छैनन्, तर २०१२ वैधानिक फारमले तिनलाई तिनीहरूले स्वीकार गर्ने सम्भावनालाई बढाउन सक्छ। मार्च २२, २०१२ भन्दा पहिले तयार गरिएको अधिकारपत्र (POA) अझै मान्य हुनेछ,

तर यसलाई वर्तमान कानून अनुसार पुर्नअवलोकन गर्न वकीललाई अनुरोध गर्नुहोस् र २०१२ वैधानिक अधिकारपत्र (POA) फारम प्रयोग गर्नेबारे विचार गर्नुहोस्।

धेरै जसो व्यक्तिले आफ्नो दैनिक मामलाहरू अधिकारपत्र (POA) एजेन्टले नै सम्हालिदिएको दिएको तर आफ्नो सम्पत्ति योजनामा परिवर्तन नगरेको चाहान्छन्। यसलाई पहिचान गर्दै, वकीलको समान अधिकारपत्र कानून (UPOAA) ले एजेन्टहरूलाई अधिकारपत्र (POA) ले निश्चित रूपमै तिनीहरूलाई अधिकार नदिएसम्म केही कार्यहरू गर्न निषेध गर्छ। आर्थिक अधिकारपत्र (POA) कागजातहरूले अर्को व्यक्तिलाई  महत्त्वपूर्ण, वृहत शक्ति प्रदान गर्नेहुँदा, ती अधिकारहरूलाई होशियार पूर्वक विचार गरेपछि मात्र प्रदान गरिनुपर्छ। आर्थिक अधिकारपत्र (POA) कागजातको खाका तयार गर्ने क्रममा, वकीलसँग परामर्श लिनु बुद्धिमानी हुन्छ।

**एजेन्टले के गर्छ?**

एक एजेन्टले जहिल्यै असल विश्वासको साथमा र आफूले थाहा भएस्म मुख्य व्यक्तिको न्यायसंगत अपेक्षाहरू अनुरुप कार्य गर्नुपर्छ; अन्यथा, एजेन्टले प्रमुख व्यक्तिको सबैभन्दा उत्तम हितमा नै काम गर्नुपर्छ, र अधिकारपत्र (POA) मा प्रदान गरिएको अधिकार क्षेत्रभित्र मात्र रही कार्य गर्नुपर्छ। यसको साथै, एजेन्टले प्रमुख व्यक्तिको सम्पत्ति योजनालाई संरक्षण गर्ने तवरले नै कार्य गर्नु पर्छ, यदि  एजेन्टलाई योजनाको बारेमा थाहा छ भने उसले प्रमुख व्यक्तिको सबैभन्दा उत्तम हितमा हुने गरी यसलाई संरक्षण गर्नुपर्छ। यसकारण, प्रमुख व्यक्तिले आफ्नो सम्पत्ति योजना, यसलाई तयार गर्ने वकीलको नामको बारेमा एजेन्टलाई बताउनुपर्छ र अधिकारपत्र (POA) मा वकीलको नाम पनि समावेश गर्न सक्छ। कागजातमा उल्लेख गरिएको छैन भने, एजेन्टले वफादारदारीता पूर्वक कार्य गर्नुपर्छ, चासो विवादबाट जोगिनु पर्छ, प्रमुख व्यक्तिको स्वास्थ्य हेरचहार एजेन्टसँग सहकार्य गर्नुपर्छ र अधिकारपत्र (POA) अन्तर्गत गरिएका कार्यहरूको यथार्थ विवरण राख्नुपर्छ।

**एजेन्टसँग के-कस्ता शक्ति हुन्छ?**

एजेन्टको अधिकारको क्षेत्रलाई प्रमुख व्यक्तिले निर्धारण गर्दछ। वर्तमान ओहिओ कानूनले विभिन्न शक्तिहरूका बारेमा विवरणहरूलाई अघि सारेको छ। २०१२ वैधानिक फारम प्रयोग गर्ने क्रममा, प्रमुख व्यक्तिले अधिकार दिने खण्डको पछाडि आफ्नो नामको अघिल्लो अक्षरहरू मात्र लेख्न आवश्यक हुन्छ: अचल सम्पत्ति; मूर्त व्यक्तिगत सम्पत्ति; स्टक र डोण्डहरू; कमोडिटी र अप्सन; बैंक तथा अन्य आर्थिक संघसंस्थाहरू; निकाय तथा व्यवसायको संचालन; विमा र वार्षिकियां; सम्पत्तिहरू, ट्रस्ट, र अन्य फाइदाजनक ब्याजहरू; दाबी तथा मुद्दा; व्यक्तिगत वा परिवारिक मर्मत सुधार; सरकारी कार्यक्रम वा नागरिक वा सैन्य सेवाहरूबाट प्राप्त लाभहरू।

**एजेन्टले गर्न नसक्ने कुराहरू पनि छन्?**

छन्# ओहिओ कानूनले हाल उल्लेख गरे अनुसार निश्चित रूपमा शक्ति प्रदान नगरिएसम्म एजेन्टले यी कार्यहरू गर्न *सक्दैन*: (१) प्रमुख व्यक्तिको निम्ति ट्रष्ट निर्माण गर्न र पहिल्यै रहेको ट्रष्टमा परिवर्तन गर्न; (२) प्रमुख व्यक्तिको सम्पत्ति दिनु वा हस्तान्तरण गर्नु; (३) उत्तरजीविता अधिकार निर्माण गर्ने र परिवर्तन गर्ने; (४) नियुक्त हकदारहरूलाई परिवर्तन

गर्ने; (५) एजेन्टको नाममा अरूलाई कार्य गर्न दिनु; वा (६) अवकाश योजना अन्तर्गत प्राप्त गर्न सक्ने उत्तरजीवी लाभ लगायत संयुक्त र उत्तरजीवि वार्षिकी लाभ पाउने प्रमुख व्यक्तिको अधिकारलाई अस्वीकार गर्नु। यी शक्तिहरू सामान्यतया सबैभन्दा धेरै दुरुपयोग गर्न सक्ने सम्भावना भएका शक्तिहरू हुन्। फारमको "विशेष निर्देशनहरू" भन्ने भाग अन्तर्गत प्रमुख व्यक्तिले एक वा त्यसभन्दा बढी अधिकारहरू प्रदान गर्न सके तापनि, यो उद्देश्यको निम्ति फारम निर्माण गरिएको होइन।

यी माथिका मध्ये कुनै पनि शक्ति प्रदान गर्ने प्रमुख व्यक्तिले कुन् व्यक्ति हकदारको रूपमा योग्य छन् सो कुरालाई निश्चित गर्नेबारे विचार गर्नुपर्छ। यीमध्ये केही शक्तिहरू दुरुपयोग गरिने सम्भावना हुनेहुँदा, प्रमुख व्यक्तिले सहायक एजेन्टहरूको नाम लेखी तिनीहरूलाई सँगै कार्य गर्न आवश्यक गर्न सक्छ। अर्को विकल्प भनेको एजेन्टले आफूले कसरी शक्ति प्रयोग गरिरहेको छ सो को विवरण अर्को परिवारको सदस्य वा ट्रस्ट परामर्शदातालाई दिने आवश्यक गर्नु हो। यीमध्ये कुनै पनि शक्ति प्रदान गर्नुभन्दा पहिले प्रमुख व्यक्तिले वकीलसित परामर्श लिनुपर्छ।

**के अधिकारपत्र (POA) ले यसो भन्न सक्छ, "म मेरो दाजु/भइले मेरो वित्तहरू सम्हालिदिएको चाहान्छु"?**

हो। वैधानिक "शिघ्र" फारम प्रयोग गरी धेरै शक्तिहरू प्रदान गर्न ओहिओले हाल व्यक्तिलाई अनुमति दिन्छ। उदाहरणको लागि, व्यक्तिले आफ्नो दाजु/भाइ, एजेन्टले "बैंक तथा अन्य वित्तिय संस्था सम्बन्धी कारोबारलाई" सम्हाल्न सक्छ भनी उल्लेख गर्न सक्छ। प्रमुख व्यक्तिले अधिकार दिइएको कुरालाई स्पष्ट रूपमा उल्लेख गर्नुपर्छ, यसले गर्दा एजेन्टले के गर्न सक्छ र के गर्न सक्दैन भन्ने कुरा एजेन्ट र तेस्रो पक्षहरूलाई थाहा हुन्छ। ओहिओ कानूनले यी शक्तिहरुको विवरण अघि सार्दछ, र एजेन्टलाई कति शक्ति प्रदान गर्न सकिन्छ भन्ने बारेमा निर्णय गर्न वकीलले सहायता गर्न सक्छ। उदाहरणको लागि, यदि आफ्नो वित्तिय कारोबार आफ्नो दाजु/भाइले सम्मालेको व्यक्तिले चाहान्छ भने, दाजु/भाइलाई कुनै पनि बैंक खाताको संयुक्त धनिको रूपमा नाम लेखाइनुहुँदैन, चाहे त्यो कुरा बैंकको अधिकारीले नै प्रस्ताव नगरेको किन नहोस्। यस तरिकाले प्रमुख व्यक्तिको मृत्यु भएमा खाता कस्ले प्राप्त गर्छ भन्ने कुरालाई परिवर्तन गर्न सक्छ। दाजु/भाइलाई कि त अधिकारपत्र (POA) अन्तर्गत एजेन्टको रूपमा *अथवा* बैंक खातामा हस्ताक्षर गर्ने स्वीकृति प्राप्त व्यक्तिको रूपमा सूचीकृत गर्न सकिन्छ।

**एजेन्टको कार्यमा कसले हस्तक्षेप गर्न सक्छ?**

अर्थिक दुरुपयोगको घटनालाई कम गरनको निम्ति, हाल ओहिओ कानूनले बिभिन्न व्यक्तिहरूलाई पहिचान गर्दछ जसले एजेन्टको कार्यलाई पुर्नअवलोकन गर्न अनुरोध गरी प्रोबेट अदालतमा उजुरी गर्न सक्छन्। तैपनि, प्रमुख व्यक्तिले त्यस्तो प्रस्तावलाई खारिज गर्न अनुरोध गर्छ भने, प्रमुख व्यक्ति अशक्त छ भन्ने कुरा पत्ता लागेन भने अदालतले त्यस्ता प्रस्तावलाई खारिज गर्नैपर्छ।

**के वकीलको आर्थिक शक्तिलाई परिवर्तग गर्न सकिन्छ?**

सकिन्छ। प्रमुख व्यक्तिले आफ्नो आर्थिक वकीलको शक्तिलाई कुनै पनि समयमा परिवर्तन गर्न वा रद्द गर्न (फिर्ता लिन) गर्न सक्छ। अधिकारपत्र (POA) को रद्द गरिएको कुरालाई लिखित रूपमा उल्लेख गरी हस्ताक्षर गरेर प्रमुख व्यक्तिक खाता भएको सम्पूर्ण बैंक तथा वित्तिय संस्थाहरूलाई त्यसको प्रदान गर्नु सबैभन्दा उत्तम हुन्छ। मुख्य कागजातलाई नष्ट गर्नु मात्र पर्याप्त हुँदैन। यदि वकीलको शक्तिलाई लिखित रूपमा राखिएको छ भने, वा अचल समपत्तिप्रति एजेन्टको अधिकार थियो भने, खारेजीलाई प्रान्तको लेखन्दासद्वारा गरिनुपर्छ।

**प्रमुख व्यक्ति अशक्त भएको अवस्थामा एजेन्टले कार्य गर्नसक्छ?**

गर्नसक्छ। वर्तमान ओहिओ कानून अन्तर्गत, सम्पूर्ण वकीलको अधिकार टिकाउ हुन्छन्, अर्थात्, यदि प्रमुख व्यक्ति अशक्त भए तापनि, कागजातमा नगर्नू भनिएको नभएमा एजेन्टले कार्य गर्न सक्छ।

**एजेन्टको अधिकार कहिले सुरु हुन्छ?**

अधिकारपत्र (POA) ले जहिले एजेन्टको अधिकार सुरु हुन्छ भनेको छ त्यही समयमा सुरु हुन्छ। यदि अधिकारपत्र (POA) ले कहिले शक्ति सुरु हुन्छ भन्ने कुरा उल्लेख गर्दैन भने, एजेन्टले तुरुन्तै सुरु गर्न सक्छ। केही अधिकारपत्र (POA) कागजातले एजेन्टको अधिकार भविश्यको मितिमा अथवा कुनै पनि निश्चित घटनामा "स्प्रीङ" लागू हुनेछ भनी उल्लेख गर्दछ। उदाहरणको लागि, यदि, जब प्रमुख व्यक्तिले मानसिक क्षमता गुमाउछ, तब एजेन्टको अधिकार सुरु भएको केही व्यक्तिहरूले चाहान्छन्। बैंक तथा वित्तिय संस्थाहरूलाई स्प्रीङ प्रावधान प्रदर्शन गर्न गाह्रो हुनसक्ने हुँदा “स्प्रीङ” अधिकारपत्र (POA) को प्रयोगको बारेमा वकीलसँग छलफल गर्नु सबैभन्दा उत्तम हुन्छ। विशेषगरि, धेरैजसो तेस्रो पक्षहरू स्प्रीङ अधिकारपत्र (POA) लाई स्वीकार गर्न अनिच्छुक हुनसक्ने हुँदा, अधिकारपत्र (POA) लाई तुरुन्तै लागू गराउनु सामान्यतया राम्रो हुन्छ। यदि एजेन्ट पूर्णतया विश्वास योग्य छैन भने, प्रमुख व्यक्तिले फरक एजेन्ट, सह-एजेन्टहरूको नाम लेखाउन र तिनीहरूलाई सँगै कार्य गर्ने अनिवार्य गर्ने, वा सके अधिकारपत्र (POA) निर्माण नगर्ने बारे विचार गर्न सक्छ। यदि कुनै अधिकारपत्र (POA) छैन भने, आवश्यक परेमा प्रोबेट अदालतले संरक्षकको नियुक्त गर्न सक्छ।

**एजेन्टको शक्ति कहिले समाप्त हुन्छ?**

अधिकारपत्र (POA) ले एजेन्टको शकति कहिले समाप्त हुन्छ भनी उल्लेख गरेको छ त्यही मितिमा र जहिले प्रमुख व्यक्तिले अधिकारपत्र (POA) रद्द गर्छ त्यही बेला समाप्त हुन्छ। धेरै जसो अधिकारपत्र (POA) कागजातले एजेन्को अधिकार कहिले अन्त्य हुन्छ भन्ने कुरालाई तोकेरै उल्लेख गर्दैन। यदि कागजातले समाप्त हुने निश्चित मिति उल्लेख गर्दैन भने, अधिकारपत्र (POA) रद्द भएपछि वा प्रमुख व्यक्तिको मृत्यु भएपछि एजेन्टको अधिकार  समाप्त हुन्छ। प्रमुख व्यक्तिको मृत्यु भएको थाहा पाएपछि एजेन्टले कहिल्यै कार्य गर्दैन।

३/१५/२०१४

*© मार्च २०१४ ओहिओ स्टेट बार एसोसिएसन (Ohio State Bar Association)*

लफ्याक्ट पम्प्लेट सेरिज (LawFacts Pamphlet Series)

ओहिओ स्टेट बार एसोसिएसन (Ohio State Bar Association)

PO Box 16562

Columbus, OH  43216-6562

(800) 282-6556 or (614) 487-2050

www.ohiobar.org

ओहिओ स्टेट बार एसोसिएसन (Ohio State Bar Foundation) द्वारा अनुदान

लफ्याक्ट सार्वजानिक जानकारी पुस्तिकाको यो एउटा श्रृंखला हो। अरू, ओहिओ स्टेट बार एसोसिएसन (Ohio State Bar Association) लाई लिखित रूपमा माग गरी तपाईंको वकिलको कार्यलयमार्फत अथवा www.ohiobar.org बाट प्रापत्त गर्न सक्नुहुन्छ।

*यो पुस्तिकामा समावेश गरिएका जानकारी सामान्य छन्, र पहिले तपाईंको वकीलसँग परामर्श नलिई यसलाई कुनै विशेष कानूनी समस्यामा लागु गरिनु हुँदैन।*

यस कानुनी सत्यता पर्चा श्रृंखलाले उपोभाक्ताहरुको लागि धैरजसो आइपर्न कानुनी बिषयमा सामान्य जानकारी प्रदान गर्दछ .

केहि कानुनी सत्यता पम्प्लेट्सहरु एशियन सेर्विचेसले अंग्रेजीदेखि विविन्न एशियाली भाषामा, ओहायो राज्य बार फाउनदेशनको आर्थिक सयोगमा अनुवाद गरिएको छ . एसियन सेर्विचेस इन एक्शन, इनक., ओहायो राज्य अफ बार एसोसीएसनसंग सहयोगी, सहायक, वा सम्बन्धित, व्यक्ति वा संस्था होइन . ओहायो राज्य बार एसोसिएसनले अनुवादको शुद्धता या पूर्णता को रूपमा कुनै प्रतिनिधित्व वा वारंटी गरको छैन . कृपया अनुवाद प्रक्रिया कानुनी अर्थ सटीकता प्रभावित हुन सक्छ भन्ने कुरामा सचेत हुनुहोस . यस कानुनी सत्यता पर्चा श्रृंखलाको इरादा विशिष्ट परिस्थितिमा कानुनी सल्लाहको विकल्प होइन . कानुनी सल्लाह लागि, तपाईं सधैं आफ्नो विशेष स्थिति र क्षेत्राधिकार लागू हुन्छ भनेर व्यवस्थाको ज्ञान भएको वकीलसंग परामर्श गर्नुपर्छ ।

With the permission of Ohio State Bar Association, the translation of this Brochure was completed by Asian Services In Action, Inc., which was financially assisted by the Ohio State Bar Foundation. The views expressed herein do not necessarily represent those of the Ohio State Bar Foundation.